(कसम अल्लआहको)जसको हातमा मेरो जीवन छ, तिमीहरू निश्चित रूपमा आफ्नो अगाडिका राष्ट्रहरूको पाइला पछ्याउनेछौ ।”

अबू वाकिद लैसी (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, जब नबी (सल्लल्लाहु अलैहि वसल्लम) हुनैन (युद्ध) को लागि प्रस्थान गर्नुभयो, उहाँ ‘जातु ल्अन्वात’ भनिने बहुदेववादीहरूको रूखबाट जानुभयो, जसमा तिनीहरूले आफ्ना हतियारहरू झुण्ड्याउने गर्थे । तब मानिसहरूले भने: हे अल्लाहको रसूल! तिनीहरूको ‘जात अन्वात’ जस्तै हाम्रो लागि पनि एउटा ‘जातु ल्अन्वात’ बनाउनुहोस् । उहाँले भन्नुभयो: “सुब्हानल्लाह,
(अल्लाह पवित्र हुनुहुन्छ)! यो उही कुरा हो जुन मोसाका अनुयायीहरूले भनेका थिए:
{हाम्रो लागि पनि एउटा देवता बनाउनुहोस् जसरी तिनीहरूका देवताहरू छन्} [सूरह अल-
अराफ: १३८] (कसम अल्लआहको)जसको हातमा मेरो जीवन छ, तिमीहरू निश्चित रूपमा आफ्नो
अगाडिका राष्ट्रहरूको पाइला पछ्याउनेछौ ।” [सही] [तिर्मीजी र अहमदले वर्णन गरेका छन्]

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) हुनैनको लागि निस्कनुभयो, जुन ताएफ र मक्का बीचको एक उपत्यका हो, र उहाँसँग भर्खरै इस्लाम धर्म परिवर्तन गरेका केही सहाबाहरू थिए । उनीहरू ‘जातु ल्अन्वात’ भनिने रूखको छेउबाट गए, जसलाई बहुदेववादीहरूले सम्मान गर्थे र बर्कत (आशीर्वाद) लिनको लागि त्यसमा आफ्ना हतियारहरू र अन्य चीजहरू झुण्ड्याउने गर्थे । त्यसैले उनीहरूले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) लाई ‘जातु ल्अन्वात’ जस्तै एउटा रूख स्थापना गर्न आग्रह गरे, ताकि उनीहरूले आशीर्वाद प्राप्त गर्नका लागि आफ्ना हतियारहरू त्यसमा झुण्ड्याउन सकुन्; वास्तवमा, तिनीहरूले यो गर्न जायज छ ठानेर भनेका हुन्। त्यसैले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले तिनीहरूको भनाइको निन्दा गर्दै र अल्लाहको महानताको वर्णन गर्दै, "सुभानल्लाह" भन्नुभयो र यो कथन मोसाका समुदायको भनाइसँग मिल्दोजुल्दो छ भनेर बताउनुभयो: {हाम्रो लागि पनि एउटा देवता बनाउनुहोस् जसरी तिनीहरूका देवताहरू छन्} । जब तिनीहरूले मूर्तिपूजा गर्नेहरूलाई देखे, तिनीहरूले बहुदेववादीहरू जस्तै केही मूर्तिहरू राख्न माग गरे र यो माग वास्तवमा उनीहरुको मार्गलाई पछ्याउने हो । त्यसपछि उहाँलेले भन्नुभयो, यो उम्मतले यहूदी र इसाईहरूको मार्ग पछ्याउनेछ र उनीहरू जस्तै गर्नेछ । उहाँको उद्देश्य यस्ता कार्यहरू विरुद्ध चेतावनी दिनु थियो ।

https://sunnah.global/hadeeth/ne/show/5927